च.नं. ०५५१/०६८/०६९

O/C

स्वतन्त्र उर्जा उत्पादकहरूको संस्था नेपाल

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL

**President**
Mr. Krishna Pd. Acharya

**Vice President**
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi

**Secretary General**
Er. Gore Sherpa

**Secretary**
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

**Treasurer**
Mr. Ananda Chaudhary

**Executive Committee Members**
Mr. Bharat Kumar Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokharel Kadel
Mr. Narendra Ballav Panth

**Imme. Past President**
Mr. Shailendra Guragain

माननीय मन्त्री पम्फा भुसालज्यू

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

मिति : ०७९।०१।१६

**बिषय : बिद्युत नियमन आयोग ऐन २०७४ मा प्रस्ताव गरिएको संसोधनको तीन महले विवरण पठाईको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयले बिद्युत उत्पादन, प्रसारण र वितरणलाई नियमन गर्न नियमनकारी निकायको रुपमा बिद्युत नियमन आयोग ऐन २०७४ अनुसार बिद्युत नियमन आयोग गठन गरेको थियो । नेपालको सन्दर्भमा यस्तो आयोगको अभ्यास बिल्कुलै नयाँ हो । अभ्यासका क्रममा अहिले केही ब्यवहारिक समस्याहरु देखा परेको स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ले महसुस गरेको ब्यहोरा माननीय मन्त्रीज्यूमा अनुरोध गर्दछौं ।

ब्यबहारिक समस्याका कारण आयोग गठनबाट मन्त्रालयले राखेको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिमा कठिनाई उत्पन्न भएको छ । अहिले देखिएका ब्यबहारिक समस्या समाधानका लागि ऐन नै संशोधनको आवश्यकता देखिन्छ । ऐन संशोधन गर्दा आवश्यकता र औचित्य समेत विचार गरी व्यापक अध्ययन, अनुसन्धान र विचार–विमर्श गर्नु आवश्यक रहेको कुरालाई मध्यनजर गरी ईप्पानका तर्फबाट संशोधनको तीन महले बिबरण तयार पारी पठाइएको ब्यहोरा अुनरोध गर्दछौं ।

भवदीय

(Signature)

अध्यक्ष

Heritage Plaza II, Kamaladi, PO Box 20010, Kathmandu Nepal, Tel. (+) 977-1-4169175 Fax. (+) 977-1-4169175 Email:info@ippan.org.np URL: www.ippan.org.np

# बिद्युत नियमन आयोग ऐन २०७४ मा प्रास्ताव गरिएको संसोधनको तीन महले विवरण

| हालको व्यवस्था | हुनुपर्ने व्यवस्था | संसोधन/थप गर्नु पर्ने कारण |
|---|---|---|
| थप गर्नु पर्ने | **दफा २: परिभाषा**<br>ट) प्राधिकरण: प्राधिकरण भन्नाले नेपाल विद्युत प्राधिकरण लाई जनाउदछ ।<br>ठ) विभाग : विभाग भन्नाले विद्युत बिकास बिभाग जनाउँदछ । | नियमन गर्नु पर्ने निकाय अन्तर्गत समेट्नु पर्ने भएकोले । |
| **दफा ७**<br>थप गर्नु पर्ने | **दफा ७**<br>**उपदफा ५)** कुनै पनि कारणले आयोगको कुनै सदस्यको पदावधि रिक्त हुन गएमा बाँकी रहेका पदाधिकारीहरुको बहुमतबाट आयोगको काम कारबाही सञ्चालन गर्न सक्नेछ । उक्त काम कारबाहीलाई आयोगल नै गरको सरह मानिने छ । | कुनै पनि कारणले आयोगको पदाधिकारीको पद रिक्त रहँदा सम्पूर्ण कामकारवाही रोकिने हुनाले |
| **दफा १४**<br>(च) अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन ( मर्जर), आपसमा मिल्न, एक्लै वा आफ्नो सहायक कम्पनीसँग मिली त्यस्तो व्यक्ति रहेको कम्पनीको पचास प्रतिशत वा त्यसभन्दा बढी शेयर खरिद गर्न, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति ( एक्वीजिशन) वा ग्रहण (टेक ओभर) गर्नको लागि आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्ने वा गराउने । | **दफा १४**<br>(च) अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन ( मर्जर), आपसमा मिल्न, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति (एक्वीजिशन) वा ग्रहण (टेक ओभर), गर्नको लागि आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्ने वा गराउने । | कम्पनी ऐन २०६३ र विद्युत ऐन २०४९ अन्तर्गत अनुमतिपत्र प्राप्त कम्पनीको शेयर लगत कायम गर्ने कानुनी व्यवस्था भएकोले तेहेरो सहमति हुने भई प्रक्रिया झन्झटिलो हुने भएकोले |
| थप गर्नु पर्ने | ट) अनुमतिपत्र प्राप्त व्यक्तिहरू एक्लै वा आफ्नो सहायक कम्पनीसँग रहेको कम्पनीको पचास प्रतिशत वा त्यसभन्दा बढी शेयर खरिद गर्ने कार्यको अभिलेखिकरण गर्ने । | अनुमति प्राप्त संस्थाको शेयर सम्बन्धि अभिलेखिकरण आवश्यक भएकोले |
| थप गर्नु पर्ने | ठ) भौगोलिक आवश्यक्ता तथा औचित्यका आधारमा आयोजनाहरुको प्रसारण लाईनलाई सकेसम्म एकै स्थानका एउटै साझा प्रसारण लाईनको माध्यमबाट विद्युत प्रसारण गर्ने गरि व्यवस्था गर्ने । | देशै भरि साना साना प्रसारण लाईन भई धेरै कृषीयोग्य जमिन बन क्षेत्रको प्रयोग हुने भएकोले ठुलो क्षमताको प्रसारण लाईनको निर्माण गर्न प्रोत्साहन गर्न |

| | | |
|---|---|---|
| थप गर्नु पर्ने | ड) आयोजनाको सञ्चालन सुरु गर्दाको बखत टेस्टीङ एण्ड कमिसनिङ गर्दा ग्रीडमा उपलब्ध हुने विद्युतको मुल्य निर्धारण गर्ने । | प्रवर्द्धकहरुलाई मर्का परेको हुनाले । |
| थप गर्नु पर्ने | ढ) आयोजनाले उपलब्ध गराउने जडित क्षमता सम्मको अतिरिक्त उर्जाको मुल्य निर्धारण गर्ने । | प्रवर्द्धकहरुलाई मर्का परेको हुनाले । |
| दफा १९<br>(१) आयोगले दफा १७ को उपदफा (३) वा दफा ३७ बमोजिमको आदेश वा निर्देशन, दफा १८ को उपदफा (२) बमोजिमको निर्णय वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको कुनै विषय पालना नगर्ने वा पूर्व सूचना नदिई विद्युत सेवा अवरुद्ध गर्ने वा गराउने अनुमतिपत्र प्राप्त व्यक्तिलाई पाँच लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ । | दफा १९<br>(१) आयोगले दफा १७ को उपदफा (३) वा दफा ३७ बमोजिमको आदेश वा निर्देशन, दफा १८ को उपदफा (२) बमोजिमको निर्णय वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको कुनै विषय पालना नगर्ने वा पूर्व सूचना नदिई विद्युत सेवा अवरुद्ध गर्ने वा गराउने अनुमतिपत्र प्राप्त व्यक्तिलाई **एक लाख** रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ । | यस प्रावधान बमोजिमको सजाय अत्याधिक बढी भएकाले |
| दफा २४क<br>थप गर्नु पर्ने | **दफा २४क. बिषेश परिस्थीतीमा सचिवले काम गर्न सक्ने**<br>यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि आयोगले गर्ने भनि तोकिएको कार्यहरु महशुल निर्धारण गर्ने र सजाय गर्ने अधिकार बाहेकको अन्य कार्यहरु कुनै कारणले आयोगको पदाधिकारीहरुको पद रिक्त रहेको वा निलम्बनमा रहेको अवस्थामा आयोगको सचिवले गर्न सक्नेछ । | कुनै पनि कारणले आयोगको पदाधिकारीको पद रिक्त रहँदा सम्पूर्ण कामकारवाही रोकिन गई सेवाग्राहीलाई मर्का पर्न जाने भएकोले |